October 12, 2026

# आकाशवाणी

**प्रमुख समाचार**

- प्रधानमन्त्रीद्वारा सार्वजनिक सेवामा २५ वर्ष पूरा
- उपराष्ट्रपतिद्वारा राष्ट्रिय रक्षा कलेजमा आयोजित कार्यक्रमलाई सम्बोधन
- सरकारले विगत केही वर्षदेखि रक्षा क्षेत्रमा आत्मनिर्भरता र आधुनिकीकरणमा ध्यान केन्द्रित गरिरहेको रक्षामन्त्रीको भनाइ
- प्रधानन्यायाधीशले सर्वोच्च अदालतको ढोका सबैका लागि खुला रहेको दिनुभयो जानकारी
- विदेशमन्त्रीले आज भारतीय विदेश सेवाका अधिकारीहरूसँग गर्नुभयो अन्तरक्रिया

## PM-Jansewa

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा २५ वर्ष पूरा गर्नुभएको छ। जनताको सेवामार्फत राष्ट्रको सेवा गर्नु उहाँको यात्राको मुख्य उद्देश्य रहेको छ। सेवा र सुशासनको यस दृष्टिकोणका साथ, सरकारले २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउने लक्ष्य हासिल गर्न अथक प्रयास गरिरहेको छ। समावेशी विकास र सामाजिक सशक्तिकरण मार्फत जनताको जीवनलाई रूपान्तरण गर्ने प्रयास भइरहेको छ। आज, यस विशेष शृङ्खलामा, हामी FDI नीति मार्फत यो दृष्टिकोण कसरी साकार भएको छ भनी साझा गर्दै छौँ।...

## VP

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले एक-आपसमा जोडिएको संसारमा, अन्तर्राष्ट्रिय सहयोग कुटनीतिक विकल्प मात्र नभई, विश्वव्यापी शान्ति, सुरक्षा र समृद्धिका लागि रणनीतिक आवश्यकता पनि हो भनेर भन्नुभयो। आज नयाँ दिल्लीस्थित राष्ट्रिय रक्षा कलेजमा बोल्दै उहाँले भन्नुभयो, विश्वव्यापी सहयोगको मुख्य कुरा भनेको साझा हितलाई पहिचान गर्नु, सम्मान गर्नु र सामूहिक कार्यमा रूपान्तरण गर्नु हो। जलवायु परिवर्तन र आतङ्कवाद जस्ता विश्वव्यापी समस्याहरू सामना गर्न सामुहिक प्रतिक्रिया आवश्यक छ। उहाँले **"वसुधैव कुटुम्बकम"** भारतका लागि नारा मात्र होइन, बरु कुनै विपत्ति वा त्रासदीले अर्को देशलाई आक्रमण गर्दा, भारत मद्दत गर्ने पहिलो देशहरूमध्ये एक हो भन्नुभयो।

## Rajnath

रक्षामन्त्री राजनाथ सिंहले सरकारले विगत केही वर्षदेखि रक्षा क्षेत्रमा आत्मनिर्भरता र आधुनिकीकरणमा ध्यान केन्द्रित गरिरहेको बताउनुभएको छ। यसमा हतियार र प्रविधिदेखि लिएर पोशाक, उपकरण र तालिमसम्मका सबै क्षेत्र समावेश छन्। आज नयाँ दिल्लीमा भारतीय सेना र भारतीय खाद्य निगमबीच भएको सम्झौता कार्यक्रममा बोल्दै श्री सिंहले, भारतले अब आफ्नो रक्षा आवश्यकताको ठूलो हिस्सा घरेलु रूपमा उत्पादन गर्छ अनि सैनिकहरूलाई पौष्टिक खाना, उचित

उपकरण, गुणस्तरीय तालिम र पर्याप्त सुविधाहरू प्रदान गर्नाले उनीहरूको मनोबल बढ्छ भनेर बताउनुभयो।

## CJI

देशका प्रधानन्यायाधीश न्यायाधीश सूर्य कान्तले सर्वोच्च अदालतको ढोका सबैका लागि खुला रहेको बताउनुभयो। उहाँले कुनै पनि नागरिक वा निर्वाचित निकायबाट निवेदनहरू स्वागतयोग्य छन् अनि प्रत्येक भारतीय नागरिकलाई अदालतमा जाने अधिकार छ र अदालतले उनीहरूको निवेदन सुन्नेछ र कानुन अन्तर्गत उपलब्ध हुने कुनै पनि राहत प्रदान गर्नेछ भनेर स्पष्ट पार्नुभयो। इन्डिया ब्लकको बैठकको मागका बारेमा, न्यायाधीश सूर्यकान्तले हिजो भेटका लागि अनुरोध-पत्र प्राप्त भएको बताउँदै, हिजो राति यसको जवाफ दिइएको र आफूसँग भेट नगर्नुको कारण दिएको बताउनुभयो।

## Jayashankar

विदेशमन्त्री डा. एस. जयशंकरले आज मध्य-करियर प्रशिक्षण कार्यक्रममा भाग लिने २०११ ब्याचका भारतीय विदेश सेवाका अधिकारीहरूसँग अन्तरक्रिया गर्नुभयो। उहाँले सामाजिक सञ्जालमा पोस्ट गर्दै, उनीहरूले छिमेकी पहिलो नीति र अन्तर्राष्ट्रिय प्रणालीमा आपूर्ति श्रृङ्खला जोखिम न्यूनीकरण जस्ता विषयमा छलफल गरिएको बताउनुभयो। साथै, उहाँले विभिन्न समाजको संरचना बुझ्ने र हाम्रो कूटनीतिका लागि क्षेत्रीय स्तरमा ध्यान केन्द्रित गर्ने महत्त्वमा पनि जोड दिनका साथै, सबै सहभागीलाई थप जिम्मेवारीहरू वहन गर्न शुभकामना दिनुभयो।

समाचार अपडेटहरू प्राप्त गर्न हाम्रो आधिकारिक X ह्यान्डल airnews_gangtok, साथै फेसबुक ह्यान्डल Akashvani News Gangtok लाई फलो गर्नुहोस्। तपाईं आकाशवाणी न्युज गान्तोकको राष्ट्रिय बुलेटिन सुन्दै हुनुहुन्छ।

## Piyush Goyal

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले देशका युवाहरूले नयाँ विचार, नवीनता र स्पष्ट उद्देश्यका साथ भारतको विकास यात्रामा सक्रिय भूमिका खेल्नुपर्ने बताउनुभएको छ। उहाँले आज नयाँ दिल्लीमा दिल्ली संवाद-२०२६ लाई सम्बोधन गर्दै, वैश्विक चुनौतीहरूको बाबजुद भारतको प्रगति र चुनौतीहरूको सामना गर्ने क्षमतामाथि प्रकाश पार्नुभयो। उहाँले १४० करोड जनसंख्या भएको भारत र यसको युवा शक्ति देशको प्रमुख शक्ति भएको बताउनुभयो।

## Nobel Prize-Economy

यस वर्षको अर्थशास्त्रमा नोबेल पुरस्कार अमेरिकी अर्थशास्त्री रोबर्ट ई. हल र माइकल वुडफोर्डलाई दिइने घोषणा गरिएको छ। उनीहरूले समष्टिगत आर्थिक मोडेलहरू विकास गरेका छन्, जसले नीति निर्माताहरूलाई उछाल र मन्दीको समयमा अर्थतन्त्रलाई स्थिर बनाउन मद्दत गर्दछ। रोयल स्वीडिश

एकेडेमी अफ साइन्सेसले उनीहरूको कामले वित्तीय र मौद्रिक नीतिहरूको सैद्धान्तिक आधारलाई बलियो बनाएको अनि सरकार र केन्द्रीय बैंकहरूको आर्थिक उतार-चढावसँग सामना गर्ने क्षमतामा सुधार गरेको बताएको छ।

## Goyal-India-Britain

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले नयाँ दिल्लीमा भारत-बेलायत संयुक्त आर्थिक तथा व्यापार समितिको सोह्रौँ बैठकको सह-अध्यक्षता गर्नुभयो। बैठकको उद्देश्य साझा व्यापार र आर्थिक प्राथमिकताहरूलाई अगाडि बढाउनु रहेको थियो। श्री गोयलले दिगो संलग्नता, सुदृढ संस्थागत संयन्त्र र बढ्दो सहयोग मार्फत भारत-बेलायत आर्थिक सहयोगलाई अझ बढाउने भारतको प्रतिबद्धता दोहोऱ्याउनुभयो। उहाँका अनुसार यसले दुवै देशका व्यवसायहरूका लागि नयाँ अवसरहरू खोल्नेछ। उहाँले व्यापार अवरोधहरू हटाउन र व्यापार सम्बन्धलाई बलियो बनाउन भारत-बेलायत व्यापक आर्थिक तथा व्यापार सम्झौतालाई प्रभावकारी रूपमा उपयोग गर्नुपर्ने महत्त्वमा जोड दिनुभयो।

## Delhi Demonstration

आज दिउँसो दिल्लीमा विपक्षी दलहरूले प्रस्ताव गरेको विरोध प्रदर्शनलाई ध्यानमा राख्दै, ट्राफिक पुलिसले परामर्श जारी गरेको छ। पुलिसका अनुसार राजधानीका धेरै मार्गमा ट्राफिक प्रभावित हुने सम्भावना छ। विरोध प्रदर्शनलाई ध्यानमा राख्दै, छ वटा दिल्ली मेट्रो स्टेशनमा प्रवेश र निकास दिउँसो ४ बजेसम्म बन्द रहनेछ। ट्राफिक प्रहरीले प्रभावित मार्गहरूमा अनावश्यक यात्रा नगर्न अनि डाइभर्सन सङ्केतहरू र ट्राफिक पुलिस निर्देशनहरू पालना गर्न अपील गरेको छ। यसबीच, राजधानीमा सुरक्षा व्यवस्था कडा पारिएको छ। अनधिकृत भेलाहरू रोक्न र कानुन व्यवस्था कायम राख्न शहरको सिमाना, रेलवे स्टेशनहरू, बस टर्मिनलहरू र अन्य संवेदनशील स्थानहरूमा सुरक्षा बढाइएको छ।

## National Human Rights:

राष्ट्रिय मानव अधिकार आयोगले आज नयाँ दिल्लीमा आफ्नो ३३ औँ स्थापना दिवस मनाएको छ। यस अवसरमा, उदीयमान विश्वव्यापी र प्राविधिक चुनौतीहरूबीच मानव अधिकारको संरक्षणको बललाई जोड दिइयो। १२ अक्टोबर १९९३ मा स्थापित, आयोगले देशभर मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि काम गर्दै आएको छ। यस अवसरमा, आयोगका अध्यक्ष न्यायमूर्ति वी. रामासुब्रमण्यमले विश्वले स्वास्थ्य, शिक्षा र जीवनस्तरमा उल्लेखनीय प्रगति गरेको बताउनुभयो तर जलवायु परिवर्तन, आर्थिक असमानता र सामाजिक रूपमा कमजोर वर्गका समस्याहरूले अझै पनि लाखौँ मानिसहरूलाई असर गरिरहेको जानकारी दिनुभयो।

Cricket

क्रिकेटमा, हिजो राति इन्दौरको होल्कर स्टेडियममा भएको तेस्रो टी-२० अन्तर्राष्ट्रिय खेलमा भारतले वेस्ट इन्डिजलाई १४ रनले पराजित गऱ्यो। २२४ रनको लक्ष्य पछ्याउँदै, वेस्ट इन्डिजले निर्धारित २० ओभरमा सात विकेट गुमाएर २०९ रन मात्र बनाउन सक्यो। शिमरोन हेटमायरले ४३ र कामिल पूरनले ४२ रन बनाए। भारतका लागि अर्शदीप सिंहले तीन विकेट लिए। यसअघि वेस्ट इन्डिजले टस जितेर बलिङ रोजेको थियो। पहिले ब्याटिङ गर्दै, भारतले निर्धारित २० ओभरमा २२३ रन बनाएको थियो। अभिषेक शर्माले ३० बलमा उत्कृष्ट ६९ रन बनाए। वेस्ट इन्डिजका लागि रोस्टन चेस, शमर जोसेफ र शमर स्प्रिंगरले दुई-दुई विकेट लिए। अर्शदीप सिंहलाई प्लेयर अफ द म्याच घोषित गरियो। हिजोको जितसँगै भारतले पाँच खेलको शृङ्खलामा २-१ को अग्रता लिएको छ। शृङ्खलाको चौथो खेल अक्टोबर १४ मा हैदराबादको राजीव गान्धी अन्तर्राष्ट्रिय स्टेडियममा खेलिनेछ।

प्रमुख समाचार  पुनः एकपटत

- प्रधानमन्त्रीद्वारा सार्वजनिक सेवामा २५ वर्ष पूरा
- उपराष्ट्रपतिद्वारा राष्ट्रिय रक्षा कलेजमा आयोजित कार्यक्रमलाई सम्बोधन
- सरकारले विगत केही वर्षदेखि रक्षा क्षेत्रमा आत्मनिर्भरता र आधुनिकीकरणमा ध्यान केन्द्रित गरिरहेको रक्षामन्त्रीको भनाइ
- प्रधानन्यायाधीशले सर्वोच्च अदालतको ढोका सबैका लागि खुला रहेको दिनुभयो जानकारी
- विदेशमन्त्रीले आज भारतीय विदेश सेवाका अधिकारीहरूसँग गर्नुभयो अन्तरक्रिया